स्थानीय सरकार
पृथ्वीपुर थिमि नगरपालिका

## वडास्तरीय बजेट सिलिङ तथा मार्गदर्शन

आर्थिक वर्ष २०८०/८१ मा वस्ती, वडा तथा नगरस्तरीय योजना/आयोजना छनौटको लागि वडा तथा नगरपालिकास्थित गैससहरूका लागि देहाय बमोजिमका मार्गदर्शन तथा आधारहरू पठाउने,-

(क) समष्टिगत मार्गदर्शनः

१. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (३) बमोजिमका प्राथमिकताका विषयहरू साथै नेपाल सरकार तथा प्रदेश सरकारका आवधिक योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरूको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्नेगरी वडास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ,

२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन , २०७८ लाई आधारमानी बस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्ने,

१) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न वस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्ने गरी संयोजक तोक्न हुन ,

२) प्रत्येक वडाले वडा भित्रका टोल/वस्तीहरूमा योजना तर्जुमाको लागि बैठक हुने मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु हुन ,

३) टोल/वस्ती तहका योजना छनौट गर्दा सो टोल/वस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक , बालबालिका, युवा आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु हुन ,

४) टोल/वस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा टोल/ वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, बाल क्लव/संजाल, युवा क्लव, नागरिक समाज, विभिन्न सरकारी कार्यालयहरूवाट गठन भएका समूह आदि) लाई पनि सहभागी गराई योजना तथा कार्यक्रम छनौट गर्नु हुन,

५) टोल/वस्ती स्तरमा भएको/गरेको योजनाहरूको प्राथमिकीकरण गरेको सूची संयोजकले लिखित रूपमा वडा समितिमा पठाउने व्यवस्था गर्न हुन ,

६) टोल/वस्तीहरूबाट प्राप्त योजनाहरू मध्ये वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट गरी संलग्न ढाँचा बमोजिम प्राथमिकता निर्धारण गरी संलग्न ढाँचा बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न हुन,

७) वडाको बजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने वडाका महत्वपूर्ण आयोजना भएमा नगरस्तरीय योजनाको रूपमा आयोजना बैंक (Project Bank ) को लागि संलग्न ढाँचा बमोजिम छुट्टै प्राथमिकता निर्धारण गरेको सूची पठाउनु हुन,

८) लक्षित वर्गका लागि बजेट विनियोजन गर्दा एकमुष्ट (अवण्डा) नराखी सम्वन्धित लक्षित वर्गका सरोकारवालाहरूसँग व्यापक छलफल र समन्वय गरी संलग्न ढाँचा बमोजिमको कार्यक्रमहरू तय गरी विनियोजन गर्न हुन,

९) भौतिक पूर्वाधार तर्फका योजनाहरू छनौट गर्दा क्रमागत योजनाहरू र तत्काल प्रत्यक्ष फाइदा पुऱ्याउने र एक आर्थिक वर्षमा सम्पन्न हुने खालका आयोजनाहरूको कार्यान्वयनका लागि प्राथमिकता दिन हुन,

१०) पहिले बनिसकेका संरचनाहरू (सडक, खानेपानी, भवन आदि) असर पर्ने गरी नयाँ योजना/कार्यक्रम प्रस्ताव वा कार्यान्वयन नगर्न हुन, ।

११) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम भत्ता पाउनेको लक्षित समूह/व्यक्तिहरूको नविकरण २०८० असाढ मसान्तसम्म उमेर पुग्नेनागरिकहरूले समेत दरखास्त दिन

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

पाउने गरी सूचना २०८० मङ्सिर मसान्तभित्र प्रकाशित गरी नवीकरण तथा अध्यावधिक नामावली नगरपालिकाको कार्यालयमा पठाउनु व्यवस्था गर्न हुन,

१२) जनसहभागिता जुट्न सक्ने आयोजना तथा कार्यक्रमलाई उच्च प्राथमिकता दिई प्रत्येक आयोजना तथा कार्यक्रममा लैङ्गिक सन्तुलन (महिला र पुरुष) र सबै वर्गको समावेशी सहभागिता (दलित, जनजाति, आदिवासी, उत्पीडित, उपेक्षित, विपन्न, अपांङ्गता भएका वृद्ध, युवा बालबालिका, पिछडीएको वर्ग आदि) को सम्बोधन हुने गरी योजना तर्जुमा गर्नु हुन,

१३) वडा श्रोतनक्सा, सामाजिक नक्सा, गरिबी नक्शाङ्कन, विपन्नता स्तरीकरण नक्शाङ्कन, घरधुरी सर्भेक्षण समेतको आधारमा योजना छनोट एवं तर्जुमा गर्नु हुन ।

१४) विभिन्न निकायसँग साझेदारी गरी कार्यक्रम संचालन गर्दा राख्नु पर्ने समपुरक कोष (म्याचिङ्ग फण्ड) वडाका लागि छुट्याइएको अनुदान रकमबाट अनिवार्य राखी कार्यक्रम संचालन गर्नु हुन ।

१५) आफ्नो वडाको शिक्षा, स्वास्थ्य,कृषि, पशु, घरेलु , सिंचाई कुलो, खानेपानी, मानव संसाधन आदि क्षेत्र लगायत आफ्नो वडाको श्रोत नक्सा, सामाजिक नक्सा, वडा पार्श्वचित्र, वडाको नागरिक वडापत्र, सम्बन्धित कार्य गर्न वडाको बजेटबाट र अन्य श्रोतबाट समेत बजेट विनियोजन गरी कार्य गर्नु हुन,

१६) सबै वडाले मिति २०८० साल असार ५ गते सम्म वडा तहबाट योजना तथा कार्यक्रम संलग्न ढाँचा बमोजिमप्राथमिकीकरण गरी संलग्न ढाँचामा विषय क्षेत्रगत रुपमा वर्गिकरण एवंछनौट गरेरअनिवार्य रूपमा पठाउनु हुन,

१७) वडाको आन्तरिक आय वृद्धि गर्ने कार्य योजना र कार्यक्रम अनिवार्य तयार गरी नगरपालिकामा पेश गर्नु हुन,

१८) नगरपालिकाबाट स्वीकृत आयोजना तथा कार्यक्रमबारे सम्पूर्ण वडावासीलाई अनिवार्य जानकारी हुने गरी सार्वजनिक गराउनु हुन,

१९) महिला हिंसा मुक्त क्षेत्र, बालबालिकामैत्री, अपाङ्गमैत्री वडा/नगरपालिका घोषणा जस्ता अभियान सञ्चालन गर्ने अभियानलाई सहयोग पुग्नेगरी कार्य गर्न हुन ,

२०) वडाबाट संचालन हुने आयोजना तथा कार्यक्रमको पारदर्शिताको लागि आयोजना सूचना पाटी र सम्पन्न आयोजना तथा कार्यक्रमको अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाउन हुन,

२१) वडाबाट आ.ब.२०८०/८१मा संचालन हुने आयोजना तथा कार्यक्रमको नगरपालिकाले बनाएको कार्य योजनासँग तालमेल हुने गरी २०८० साउन मसान्तभित्र अनिवार्य कार्ययोजना बनाई कार्यान्वयन गर्नु हुन,

२२) आ.व. २०८०/८१मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरी प्रतिवेदन दिने प्रयोजनको लागि एक वडा स्तरीय आयोजना तथा कार्यक्रम अनुगमन एवं सुपरिवेक्षण समिति गठन गर्नु हुन,

२३) त्यस वडालाई प्राप्त पूँजीगत अनुदान रकमवाट आयोजना संचालन गर्दा स्थानीय श्रम प्रधान प्रविधि अवलम्बन गरी गर्नु हुन ,,

२४) योजना तथा कार्यक्रम छनौट गर्दा माथि उल्लेखित मार्गदर्शनको अलावा संलग्न ढाँचा बमोजिमको आधारमा समेत गर्न हुन ।

(ख) <u>बजेट सीमा</u>

१) आर्थिक वर्ष २०८०/८१ मा वडाहरूलाई कूल रु.२करोड १ लाख उपलब्ध गराइएकोले सोही सिमाभित्र रही कार्यक्रम प्रस्ताव गर्न हुन ।

२) वडालाई प्राप्त अनुदानबाट देहायबमोजिमविनियोजन गर्ने,

(क) सामाजिक विकास(धर्म,कला संस्कृति,शिक्षा,स्वास्थ्य) तथा क्षमता अभिवृद्धि -२५ प्रतिशत

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(ख) पूर्वाधार विकास -७२ प्रतिशत

(ग) वातावरण तथा विपद् व्यवस्थापन -३ प्रतिशत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

१. कम्तीमा ५० लाखको एक योजना छनौट गर्नुपर्नेछ।

२. वडाले पूर्वाधार विकासका लागि छुट्याइएको रकम ३५ लाख भन्दा माथिका २ वटा योजना अनिवार्य रुपमा राख्नुपर्नेछ। बाँकी अन्यपूर्वाधार सम्बन्धी योजनामा विनियोजन गर्नु पर्नेछ ।

३. सामाजिक विकास तर्फ छुट्याइएको रकमबाट लक्षित वर्ग (महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएकालाई, जनजाति एवं दलित तथा अन्य वर्ग एवं धर्मसंस्कृति, कला, खेलकुद, पर्यटनका लागि बजेट विनियोजन गर्नुपर्ने,

(ग) <u>गैहसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको लागि मार्गदर्शन</u>

१) संघ, प्रदेश तथा नगरपालिकाको विकासका प्राथमिकताका अतिरिक्त सम्वन्धित निकायहरूबाट प्राप्त निर्देशनहरूका आधारमा आयोजना/कार्यक्रम साथै विभिन्न क्षेत्रगत लक्षित कार्यक्रमहरू समेत तर्जुमा गर्ने,

२) वडा तहमा मात्र कार्यक्षेत्र भएका गैहसरकारी संस्था तथा सामुदायिक संस्थाहरूले सम्बन्धित वडाको बस्ती तथा वडा तहमा समन्वय गरी कार्यक्रम तर्जुमा गर्ने,

३) संघ, प्रदेश तथा नगरपालिकाको नीति अनुरूप विषयगत कार्यालय/शाखाले तय गरेको नीति तथा कार्यक्रमलाई गैससहरूले आ– आफ्नो क्षेत्र सम्बद्ध विषयतग कार्यालय/शाखासँग समन्वय गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# योजना तथा कार्यक्रम प्राथमिकताको आधारमा छनौट गर्ने आधार

२०७३

| क्र.सं. | आयोजनाको नाम | १. गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने(२० अंक) | २. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | ३. आम्दानी र रोजगार बढ्ने (१५ अंक) | ४. लागत सहभागिता जुट्ने (१५ अंक) | ५. स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने (१० अंक) | ६. समावेशी विकासमा योगदान (१० अंक) | ७. दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | ८. स्थानीय भाषिक, सांस्कृतिक विकास (५ अंक) | कूल प्रासाङ्क (१००) | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | |

पुनश्चः आयोजना प्राथमिकता निर्धारणको आधारहरूको मूल्याङ्कन निम्नानुसार गर्नु पर्नेछ ।

(क) प्रत्यक्ष योगदान पुऱ्याउनेः सोही सूचकलाई प्रत्यक्ष लाभ पुग्ने (सम्बन्धित सूचक हासिल गर्न ५० प्रतिशत भन्दा बढी योगदान दिने)

(ख) अप्रत्यक्ष योगदान पुऱ्याउनेः सोही सूचकमा प्रत्यक्ष लाभ नपुग्ने तर अर्को सूचकलाई योगदान दिने (सूचक हासिल गर्न २० देखि ५० प्रतिशत सम्म योगदान दिने)

(ग) तटस्थः त्यस सूचकमा प्रत्यक्ष वा अप्रत्यक्ष योगदान नदिने वा २० प्रतिशत भन्दा कम योगदान दिने

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

## वडा तथा नगरस्तरीय क्षेत्रगत योजना तथा कार्यक्रम छनोट गर्ने ढाँचा

टोल/वस्तीकोनाम: वडानं.

### १. पूँजिगत कार्यक्रम तर्फ

| प्राथमकत क्रम+= | टोलवा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालनहुने स्थान | कार्यान्वयविधि ( उपभोक्ता/ठेक्का) | सम्भावितलगानी | | लाभान्वितजनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| ! | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |

### नगरस्तरीय आयोजना बैंक (Project Bank) को ढाँचा

| क.सं. | आयोजनाको नाम | क्षेत्र | आयोजनाको संभाव्यता अध्ययन भए नभएको | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

नोटः आयोजनाको क्षेत्रमा पूर्वाधार, सामाजिक, वातावरण, विपद्, समावेशीकरण, कृषि, शिक्षा, स्वास्थ्य जुन विषय क्षेत्रमा पर्ने हो सो उल्लेख गर्नु पर्नेछ ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत